" समृद्ध बगनासकाली गाउँको सार: समग्र विकासको दिगो आधार"

# बगनासकाली गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

## १६ औं गाउँसभामा प्रस्तुत

# विषयगत समितिहरुको प्रतिवेदन

## आर्थिक वर्ष २०८०/०८१ को (श्रावण १ देखि आषाढ ९ सम्म)

Email: baganaskali.rural@gmail.com,
Website: https://baganaskalimun.gov.np/

९ आषाढ, २०८१

# अनूसूची - २

## गाउँसभाको सोह्रौं अधिवेशन मिति २०८१।०३।०९ गतेका निर्णय नं. ३ सँग सम्बन्धीत

# राजस्व परामर्श समितिको प्रतिवेदन

सभा अध्यक्षज्यू,
अध्यक्षज्यूको अनुमतिमा बगनासकाली गाउँपालिकाको राजस्व परामर्श समिति तर्फ आ.व.०८०/०८१ श्रावण देखि जेष्ठ महिना सम्मको प्रगति प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६५ बमोजिम गठित स्थानीय राजस्व परामर्श समितिलाई उपदफा (२) मा राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार क्षेत्र तोकिए बमोजिम स्थानीय राजस्व परामर्श समितिले राजस्वका नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र ऐन कानूनको पालना गर्न/गराउन परामर्श प्रदान गर्नुका साथै राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षको राजस्वको अनुमान गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने र राजस्व प्रशासन सुधारका लागि राय सुझाव प्रदान गर्दै आएको व्यहोरा अनुरोध छ । स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ को दफा ८ उपदफा (३) बैठकको कार्यसूचि बमोजिमका विषयमा समीक्षा, आगामी आर्थिक वर्षको आय प्रक्षेपण गरी पेश गरिएको छ । साथै चालु आ.व. ०८०/०८१ को यस अवधिमा राजस्व परामर्श समितिबाट सम्पादन गरिएका कार्य प्रगति तपसिल बमोजिम रहेको छ ।

तपसिल :

१. **समितिको नाम** :- राजस्व परामर्श समिति,

२. **चालु आर्थिक वर्षको प्रगति समीक्षा संक्षिप्तमा** :

- ९ वटै वडाका वडा सचिव, सहायक कम्प्युटर अपरेटर कर्मचारीलाई संचित कोष प्रणाली राजस्व मोडयूल (सुत्र) प्रयोग सम्बन्धी अभिमुखीकरण तालिम संचालन गरि यसैवाट राजश्व संकलन शुरु गरिएको ।
- सम्पत्ति कर लागू गर्न श्रावण महिनाको पहिलो हप्ता भित्रै जग्गाधनीहरुलाई सम्पत्ति विवरण पेश गर्न सार्वजनिक सूचना प्रकाशन गरिएको ।
- ब्यवसाय दर्ता/नविकरण गर्ने र घर/जग्गा वहाल कर तिर्ने सम्बन्धी सूचना प्रकाशन गरिएको ।
- वडा नं. ६ र ७ स्थित ६ वटा स्थानको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन/निकासी ठेक्का लगाउन मिति २०८०।०५।०१ गते वोलपत्र आव्हान गरिएको ।
- कवाडी कर ठेक्का लगाउन दरभाउ पत्र आव्हान गरिएको ।
- विज्ञापन कर लगाउन सूचना प्रकाशन गरि विज्ञापन एजेन्सीहरुलाई आव्हान गरिएको ।
- वडा नं. ६ का मन्द्रान बगर क्षेत्र र टिपुवा बगर क्षेत्रको ठेक्का संझौता भएको ।
- कवाडी कर ठेक्का संझौता भएको ।
- १२ वटा "घ" वर्ग निर्माण व्यवसायीहरुको इजाजत पत्र नविकरण गरिएको ।
- १९ वटा ब्यवसाय दर्ता गरिएको ।
- राजस्व सुधार तथा सम्पत्ति कर व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिएको ।
- निजी जग्गाबाट निकासी/विक्री हुने ढुङ्गा, माटो निकासीलाई करको दायरामा ल्याएको ।
- वडा नं. ७ खानीगाउँ, रानीघाट स्थित सरकारी/सार्वजनिक जग्गा एकमुष्ट रुपमा वहाल विटौरी ठेक्का लगाउन सिलवन्दी दरभाउपत्र आव्हान गरि वहाल विटौरी कर ठेक्का संझौता गरिएको ।

- ❖ नदीजन्य पदार्थ उत्खनन/निकासी ठेक्का लगाउन ६ वटा स्थानको वोलपत्र आव्ह्न गरिएकोमा २ वटा स्थान मन्द्रानघाट र टिपुवाघाट मात्र ठेक्का संझौता भएको । अन्य ४ वटा स्थानको दोश्रो पटक सूचना प्रकाश गर्दा समेत कुनै पनि वोलपत्र नपरेको ।
- ❖ वडा नं. ६ र ७ स्थित मिलमिले र मजुवा बगर क्षेत्रको ठेक्का नलागेको हुँदा कामदार करारमा लिई राजस्व संकलन गरिएको ।
- ❖ तिनाउ नदी र तानसेन चुहार खोलाको नदीजन्य पदार्थ उत्खनन/निकासी ठेक्का लगाउन वोलपत्र आव्हान गरिएकोमा क्षेत्रको ठेक्का नलागेको हुँदा कामदार करारमा लिई राजस्व संकलन गरिएको ।
- ❖ चालु आ.व. को हालसम्म रु. १ करोड ११ लाख १० हजार आन्तरिक आय संकलन भएको । ( विभाज्य तर्फको रु. ३० लाख ७८ हजार समेत )
- ❖ सेवा प्रदायक संघ/संस्था/व्यवसायी २४९ वटा सूचिकृत गरिएको ।
- ❖ अघिल्लो आर्थिक वर्षमा लक्ष्य तोकिए बमोजिम राजस्व संकलन भएको ।
- ❖ विगतका वक्यौता रकम असुलीको लागि लिखित र मौखिक रुपमा ताकेता भइरहेको छ ।
- ❖ सबै भन्दा वढी राजस्व संकलन गर्ने वडाका पदाधिकारी/कर्मचारीलाई प्रोत्साहन स्वरुप सम्मान गर्ने गरिएको ।

**३. चालु आ.ब.मा भएका समितिको बैठक र मुख्य विषयहरु :-**

चालु आ.ब.मा राजस्व परामर्श समितिको १० वटा बैठक बसेको र ति बैठकमा देहायका विषय तथा क्षेत्रमा छलफल भएको थियो

- ❖ राजस्व प्रशासन सुधारका योजना तथा वार्षिक कार्यक्रम,क्रियाकलाप कार्यान्वयन अवस्थाको समीक्षा,
- ❖ चालु आ.व. मा लक्ष्य अनुसार राजस्व असुली भए/नभएको समीक्षा,
- ❖ विभिन्न आय ठेक्का व्यवस्थापन,
- ❖ राजश्व संकलनलाई व्यवस्थित तथा पारदर्शी गराउने सम्बन्धमा,
- ❖ आगामी आ.व. ०८१/०८२ को लागि करका दरहरु सिफारिस तथा आय प्रक्षेपण,
- ❖ राजस्व परामर्श समितिको प्रतिवेदन पेश,
- ❖ राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श आदि ।

**४. राजश्व क्षेत्रमा देखिएका समस्याहरु :**

- ❖ करदाता शिक्षा सञ्चालन गर्न सकिएको छैन ।
- ❖ गाउँपालिका क्षेत्रभित्र रहेका करदाताहरुको एकिन तथ्याङ्क अद्यावधिक नहुँदा वार्षिक आय प्रक्षेपणमा समस्या आएको ।
- ❖ पर्याप्त बजेट विनियोजन र नियमित अनुगमन नहुँदा राजस्व प्रशासन सुधार तर्फ थप व्यवस्थित गर्न नसकिएको ।

**आगामी योजना कार्यक्रम :-**

- ❖ आन्तरिक आय वृद्धि गर्नका लागि राजस्वका दायरा बढाउन थप श्रोतहरुको अध्ययन, सर्भेक्षण गर्ने ।राजस्व प्रशासन सुधार तथा व्यवस्थित गर्नका लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका निर्माणमा पहल गर्ने ।
- ❖ करदाता शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- ❖ वडा र राजस्व शाखामा कार्यरत कर्मचारीलाई नयाँ प्रविधि सम्वन्धि दक्ष बनाउन थप तालिमको व्यवस्था गर्ने ।
- ❖ अनुगमन कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउने ।

प्रतिवेदन प्रस्तुतकर्ता

हरि प्रसाद पाठक
उपाध्यक्ष/संयोजक
राजस्व परामर्श समिति संयोजक
मिति : २०८१।०३।०९ गते

# न्यायिक समिति

**सभा अध्यक्षज्यू,**

अध्यक्षज्यूको अनुमतीमा बगनासकाली गाउँपालिकाको **न्यायिक समितिको आ.व.२०८०।०८१ को जेठ मसान्तसम्मको वार्षिक प्रतिवेदन** यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

प्रस्तुत विषयमा नेपालको सविधान, २०७२ को धारा २१७ बमोजिम गठन भएको न्यायिक समितिलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ मा विवाद निरुपण गर्ने अधिकार रहेको छ ।

१. चालु आ.व.२०८०।०८१ को जेठ मसान्तसम्म न्यायिक समितिलमा तपसिलमा उल्लेखित ९ प्रकृतिका १३ वटा उजुरीहरु दर्ता भई सो उपर सम्बद्ध पक्षहरुसँग छलफल गर्दा गराउँदाको अवस्था देहाय अनुसार रहेको छ ।

| क.स. | मुद्धाको प्रकृति | आ.व.२०८०।०८१ जेठ मसान्त सम्म | फछ्यौट मुद्धा | फछ्यौट हुन बाँकी मुद्धा |
|---|---|---|---|---|
| १. | आलीधुर,बाध पैनी ,कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग दफा४७ उपदफा १(क) सम्बन्धी | १ | | १ |
| २. | नाबालक छोरा छोरी वा पति पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको दफा४७ उपदफा १(छ) सम्बन्धी | १ | १ | |
| ३. | गाली बेइज्जती दफा४७ उपदफा २ (ङ) | १ | | १ |
| ४. | अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको दफा४७ उपदफा २(झ) सम्बन्धी | ४ | २ | २ |
| ५. | पशुपन्छी छाडा छाडेको वा पशुपन्छी राख्दा वा पाल्दा लापरवाही गरि अरुलाई असर पारेको दफा ४७ को उपदफा २(छ) सम्बन्धी | १ | १ | |
| ६. | सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिचि वा घुसाई खाएको दफा ४७ को उपदफा २(क) सम्बन्धी | १ | | १ |
| ७ | लेनदेन सम्बन्धी | २ | १ | १ |
| ८ | जेष्ठ नागरिकको पालनपोषण तथा हेरचार नगरेको दफा ४७ को उपदफा १(च) सम्बन्धी | १ | १ | |
| ९ | अन्य व्यक्तिको घर जग्गा वा सम्पत्तिलाई असर पर्नै गरि रुख विरुवा लगाएको दफा४७ उपदफा १( | १ | १ | |

| | | | | |
|---|---|---|---|---|
| | झ) सम्बन्धी | | | |
| जम्मा | | १३ | ७ | ६ |

सभा अध्यक्षज्यू,

**न्यायिक समितिबाट यस आ.व.मा भएका मुख्य कार्य यस प्रकार रहेको छ ।**

१.बगनासकाली गाउँपालिकाको न्यायिक समितिमा तालिम प्राप्त मेलमिलापकर्ताहरुको रुपमा सूची अद्यावधिक गरिएको

२.न्यायिक समितिमा परेको उजुरीहरुको वडास्तरवाटै मिलापत्र गराउन सम्बन्धित वडास्तरीय मेलमिलापकर्तालाई सक्रिय बनाई मिलापत्र गराइएको ।

३. न्यायिक समितिमा परेको खानेपानी, सरसफाई तथा प्रदुषण जस्ता संवेदनशिल प्रकतिका विवादको निरुपण गराउन वस्ती स्तरमा नै समितिको तर्फवाट स्थलगत अनुगमन विवादको मिलापत्र गरिएको ।

४. विभिन्न स्थानीय तहका न्यायिक समितिसँग सिकाइ अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न गरिएको ।

५. जनप्रतिनिधी तथा मेलमिलापकर्ताको क्षमता विकासको लागि कानूनी साक्षरता कार्यक्रम सम्पन्न गरिएको ।

६. न्यायिक समितिको तर्फबाट कार्यसम्पादन भएको कार्य तथा मिसिलको पाल्पा जिल्ला अदालतका माननीय न्यायाधीश श्री दल बहादुर केसी ज्यूबाट अनुगमन एवं निरिक्षण भई पृष्ठपोषण प्राप्त भएको ।

७. स्थानीय तहको स्वमूल्याङन (लिजा) को लागि आवश्यक कागजपत्र पेश गरि न्यायिक समितिको कार्य सम्पादनमा सत प्रतिशत अङ्क प्राप्त भएको ।

८. फछ्र्यौट हुन बाँकी रहेका चालु आ.व.का विवादहरु तारेख तथा मिलापत्रको प्रक्रियामा रहेको ।

**सभा अध्यक्षज्यू,**

**न्याय सम्पादनलाई अझै प्रभावकारी बनाउन यस प्रतिवेदन मार्फत सभाको तपसिलको विषयमा ध्यानाकर्षण गर्न चाहन्छु ।**

१. वडा स्तरमा रहेको मेलमिलाप केन्दको व्यवस्थापन तथा मेलमिलापकर्ताको सक्रियता बढाउनुपर्ने ।

३.विवाद समाधानका लागि मेलमिलापका उपाय अवलम्बन गर्नुपर्ने ।

४.न्यायिक प्रक्रियालाई छिटो छरितो, मितव्ययी, निष्पक्ष बनाउनुपर्ने ।

५.सुचिकृत मेलमिलापकर्ताको क्षमता विकास गराउनुपर्ने ।

६.स्थानीय तहको न्याय सम्पादनमा सवै नागरिकको सहज पहुँच तथा विश्वास बढाउन सवैले प्रभावकारी भुमिका खेल्नुपर्ने ।

७.न्यायिक समितिको कार्य सम्पादन तथा न्यायिक निरुपण कार्य गर्न बन्द इजलास व्यवस्थापन गर्नुपर्ने ।

साथै, बाँकी विषयहरु यसै प्रतिवेदनमा उल्लेख गरिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउँछु , धन्यवाद

प्रस्तुतकर्ता
श्री हरि प्रसाद पाठक
संयोजक- न्यायिक समिति
मिति :२०८१।०३।०९

## लेखा समितिको प्रतिवेदन २०८१

गाउँ सभाका अध्यक्ष महोदय तथा सभाका सदस्यज्यूहरु,

यस बगनासकाली गाउँपालिकाको १६ औं गाउँसभाको गरिमामय वैठकमा लेखा समितिको तर्फवाट संयोजकको हैसियतले चालु आ.ब. २०८०।०८१ को वार्षिक कार्यप्रगति पेश गर्न चाहन्छु ।

**लेखा समितिको कार्यक्षेत्र :**

१) सार्वजनिक लेखा,

२) महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदन ।

**गतवर्षको समीक्षा :**

गत आ.ब.मा समितिको बैठक ७ पटक बसेको थियो । बैठकमा बगनासकाली गाउँपालिकाको विगत देखिका लेखापरीक्षण प्रतिवेदन र फछ्र्यौटका लागि गरेका प्रयासहरु, गाउँपालिकाले दिने आर्थिक सहायता, कामको गुणस्तर तथा नियमित गर्ने बेरुजु सम्बन्धमा छलफल भएको थियो । गत आ.ब. को १३ औं

गाउँसभामा आ.ब.०७७।७८ को लेखापरीक्षण प्रतिवेदनमा औल्याए अनुसारको रु.१ करोड ९३ लाख ४४ हजार ५ सय त्रिचालिस रुपैयाको र १४ औं गाउँसभामा आ.ब.०७८।७९ को लेखापरीक्षण प्रतिवेदनमा औल्याएका मध्ये रु. ३ करोड १ लाख ३ हजार ७ सय ४८ को बेरुजु नियमित गर्न प्रस्ताव गरिएको थियो ।

**चालु आ.ब.मा गरिएका कार्यहरु :**

चालु आ.ब.मा समितिको बैठक हालसम्म ५ पटक बसेको छ । त्यस बैठकमा बगनासकाली गाउँपालिकामा रहेका विगत देखीका लेखापरीक्षण प्रतिवेदन र बेरुजुको अवस्था तथा फछ्यौटका लागि गरेका प्रयासहरु, गाँउपालिकाका योजना व्यवस्थापन,आर्थिक सहायता तथा विभिन्न अनुदान सम्बन्धमा छलफल भएको थियो । आ.ब.०७९।८० को लेखापरीक्षण प्रतिवेदनमा औल्याए अनुसार गत वर्ष सम्मका रु.६ करोड ८१ लाख ८५हजार भएकोमा गत आ.ब. २०७९।०८० को महालेखा परीक्षक कार्यालयको ६१ औं प्रतिवेदन अनुसार ९८ लाख ७९ हजार थप भई जम्मा बेरुजु रु. ७ करोड ८० लाख ६४ हजार भएको देखिन्छ । यसरी बेरुजुको मात्रा बढ्दै जानु र संपरीक्षण हुन नसक्दा वित्तीय सुशासनको मापदण्डमा गाँउपालिकाको उल्लेख्य प्रगति हुन सकेको देखिदैन । गत आ. व.मा औल्याइएका बेरुजु मध्ये रु.५९ लाख ७० हजार ६६१ नियमित गर्न यस सभामा पेश गरिएको छ ।

**आगामी कार्यदिशा :**

सभाध्यक्ष महोदय, गाउँपालिकाको आर्थिक कारोवारलाई व्यवस्थित तथा पारदर्शी बनाउने र खर्चलाई मितव्ययी गर्नेतर्फ हाम्रो पहल सदैव रहने छ । लेखा समिति गठन भएदेखिनै बगनासकाली गाउँपालिकाको बेरुजु फछ्र्यौट कार्यवाट काम शुरु गरिएकोमा सार्वजनिक खरिद, आर्थिक सहायता, अनुदान तथा सेवा प्रवाह लगायतका क्षेत्रमा कार्य प्रवेश गरि समितिले आफ्नो सक्रियता बढाउदै लग्ने छ । गाँउपालिकाको आन्तरिक नियन्त्रण प्रणाली स्थापना तथा प्रभावकारी अनुगमनको व्यवस्था यस सभाले गर्ने छ भन्ने कुरामा समिति विश्वस्त छ । गाउँपालिकावाट हुने कार्यहरुलाई प्रभावकारी तथा जनमैत्री वनाउन समितिले गाउँपालिकालाई आवश्यक सहयोग गर्ने व्यहोरा अनुरोध गर्दछु ।

अन्तमा , यस गरिमामय सभाले लेखा समितिको लागि थप मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छौं ।

धन्यवाद ।

मिति : २०८१ असार ९ गते ।

कृष्ण प्रसाद बस्याल
संयोजक

# आर्थिक विकास समितिको प्रतिवेदन

यस सभाका सभा अध्यक्ष ज्यू,

अध्यक्षज्यूको अनुमतिले आर्थिक विकास समिति बगनासकाली गाउँपालिकाको कार्यक्षेत्र तथा कार्य प्रगति विवरण प्रस्तुत गर्दछु ।

**समितिको कार्य क्षेत्र :**

- कृषि विकास,
- पशुपन्छी विकास
- सिंचाइ
- पर्यटन प्रर्वद्धन
- सहकारी तथा गरिवी निवारण एवम् वित्तीय क्षेत्र

- उद्योग, व्यापार तथा व्यवसाय

श्री सभा अध्यक्ष ज्यू

२०८१ जेष्ठ मसान्त सम्म भएको खर्च विवरण

| क्र सं | क्षेत्र/उपक्षेत्र | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,०२,७०,००० | १,२६,०९,३३३ | ६२.२१ |
| | जम्मा | २,०२,७०,००० | १,२६,०९,३३३ | ६२.२१ |

यो अवधिको कार्य विवरण/मुख्य प्रगति

कृषि विकास

- गाउँपालिका क्षेत्र अधिकार भित्र ४ वटा कृषक समूह नयाँ दर्ता र ६५ वटा कृषक समूह नविकरण गरिएको ।
- गाउँपालिका क्षेत्र अधिकार भित्र ४ वटा कृषक फर्म नविकरण गरिएको ।
- कृषि तथ्याङ्क संकलन कार्य सम्पन्न गरियो ।
- आ.व. २०८०/०८१ मा कृषि तथा पशुपंन्छी विकास मन्त्रालय कृषि विभाग मार्फत सघीय सर्शत अनुदान प्राप्त **खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान/गहुँ/मकै)** अन्तर्गत गहुँको उन्नत बीउ वितरण (५०% अनुदान) कार्यक्रमको माग बमोजीम ५.५६ टन कृषि सामाग्री कम्पनी लि. भैरहवाबाट खरीद गरी वितरण गरिएको ।
- उन्नत मकै बिउ ११ टन खरिद गरी वितरण गरीएको ।
- यस बगनासकाली गाउँपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **मागमा आधारित कृषि कार्यक्रम र कृषि यान्त्रिकरण कार्यक्रम**को मिति २०८०/०८/१५ गते १५ दिने सुचना प्रकाशन गरी माग संकलन गरिएकोमा हाल वितरण कार्य सम्पन्न ।

अन्य सम्पन्न कार्यक्रम

- मकैबाली प्रवर्द्धन कार्यक्रम
- अदुवा बेसार पकेट विकास कार्यक्रम
- किसान सुचीकरण कार्यक्रम प्रमाणिकरणका लागि वडामा पठाइएको
- व्यवसायिक कफि तथा फलफुल बगैचा व्यवस्थापन कार्यक्रम
- गाउँपालिकास्तरीय कृषि मेला प्रदर्शनी कार्यक्रम
- पकेट विकास कार्यक्रम
- कृषि जैविक मल वितरण

- रैथाने बाली प्रवर्द्धन (कोदोको विउ विरतण)
- माटो व्यवस्थापन कार्यक्रम
- कृषि उपज बजारीकरण ढुवानीमा सहयोग कार्यक्रम (माग संकलन)

**पशु विकास सेवा**

- पशुपंक्षी तथ्याङक संकलन कार्य सम्पन्न गरियो ।
- प्रयोगशाला सेवा ६५० वटा पशुपंक्षीमा गरीयो ।
- परिजिवी नियन्त्रण सेवा १७९२९ पशुपंक्षीमा प्रदान गरीयो ।

**खोप सेवा**

- लम्पी स्कीन ८०० गाई भैसीमा लगाइयो ।
- खोरेत ३००० बाख्रा बंगुर गाई भैसीमा लगाइयो ।
- पि.पि.आर. १००० बाख्रामा लगाइयो ।
- ३०६५४ गोटा पशुपंक्षीमा निशुल्क पशुपंक्षी स्वास्थ्य सेवा प्रदान गरियो ।
- १६० गाई भैसिमा कृत्रिम गर्भाधान सेवा प्रदान गरियो ।
- एकीकृत घुम्ती शिविरमा ५७७९ पशुपंक्षीको स्वास्थ्य सेवा प्रदान गरीयो ।

अन्य सेवाहरु

- उत्पादनमा आधारित दुध ढुवानी प्रोत्साहन स्वरुप १३३३०२ लिटर दुध बराबरको ढुवानी प्रोत्साहन स्वरुप ६६६५१० रकम १३४ जनालाई कृषकहरुको खातामा इएफटी गरीयो।
  - पशुपंक्षी औषधि खरिद
  - गोरु प्रवर्द्धन कार्यक्रम
  - दलित लक्षित बाख्रा पैचो कार्यक्रम
  - मागमा आधारित बाख्राको खोर सुधार

**सहकारी तथा गरिवी निवारण एवम् वित्तीय क्षेत्र**

- ✓ सहकारी सञ्जालको बैठक ३ पटक सम्पन्न ।
- ✓ सहकारीका १० सँस्था अनुगमन सम्पन्न भएको,
- ✓ सहकारीहरुलाई नियम संगत संचालन गर्न परिपत्र गरीएको ।
- ✓ १० सहकारीहरुलाई लागत सहभागिताका आधारमा कम्प्युटर तथा प्रिन्टर अनुदानका वितरण गरीएको ।

उद्योग, व्यापार तथा व्यवसाय

- उद्यम विकास समिति र अनुगमन उपसमिति गठन भई कार्य गरेको ।
- आ.व.२०८०/०८१ मा मेडपा कार्यक्रम सन्चालनको लागि कार्यक्रमको वार्षिक कार्ययोजना बमोजिम कार्यसम्पादन गरिएको ।
- वडा नं २ मा कुखुरापालन तरकारी खेती र होजियारी तालिम सम्पन्न भएको
- वडा नं १ मा बंगरपालन, अचार उत्पादन र दालमोट उत्पादन सम्बन्धी तालिम सम्पन्न गरीएको ।
- वडा नं ४ र ७ मा सिलाइकटाइ स्तरोन्नति तालिम सम्पन्न भएको ।
- सहभागितात्मक ग्रामीण लेखाजोखा कार्यक्रम PRA कार्यक्रम सम्पन्न गरिएको ।
- श्रोत साधन तथा कच्चा पदार्थ पहिचानका लागि बस्तीको सामाजिक तथा स्रोत नक्साङकन सम्पन्न गरिएको ।
- उद्यमशीलता विकास तालिम SIYB व्यवसाय सचेतता तथा सुरु तालिम सम्पन्न गरिएको
- राष्ट्रिय युवा परिषद र बगनासकाली गाउँपालिकाको लागत साझेदारीमा सहुलियत पूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम सन्चालन गरिएको

**श्री सभा अध्यक्ष ज्यू**

**कार्यान्वयनमा रहेका समस्याहरु**

- ✓ बगनासकाली गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रमको सूचक सहितको अनुगमन मुल्याङ्कन न्युन भएको।
- ✓ गाउँपालिकाले कृषि तथा पशु सेवाको विकासका लागि आवश्यकता अनुसार बजेटको विनियोजन गर्न नसकीएको
- ✓ कतिपय अनुदान रकममा भएको दोहोरोपना हटाउन नसकीएको ।
- ✓ गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सामाजिक, साँस्कृतिक क्षेत्रहरु समेटेर पर्यटन प्रवर्धन गुरुयोजना निर्माणका लागि गाउँकार्यपालिकामा सिफारिस भएपनि काम हुन नसकेको ।
- ✓ बगनासकाली गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रमका लागि प्राथमिकतामा राखी सोचे अनुरुप बजेट विनियोजन गर्न नसकिएको ।

**श्री सभा अध्यक्ष ज्यू**

**आगामी कार्यक्रमका लागि सल्लाह/सुझाव**

- ✓ बगनासकाली गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई कडाईका साथ गर्न अनुरोध गर्ने ।
- ✓ कृषि तथा पशु क्षेत्रको अनुदानमा हुन सक्ने दोहोरोपना हटाउनुपर्ने
- ✓ कृषकको उत्पादनमा आधारित अनुदान प्रणालीको विकास गर्नुपर्ने
- ✓ गाउँपालिकाको तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी आर्थिक विकासलाई तिब्रता दिनुपर्ने ।
- ✓ स्थानीय स्रोत साधन र कच्चा पदार्थमा आधारित तालिमको छनौट गर्नुपर्ने
- ✓ मेडपा कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिनुपर्ने
- ✓ स्थानीय स्रोत साधन र कच्चा पदार्थमा आधारित तालिमको छनौट गर्नुपर्ने
- ✓ उत्पादन गरेका वस्तुले उचित बजार र बजार मूल्य नपाएको गुनासो आएको सन्दर्भमा आवश्यक पहल गर्नुपर्ने

श्री खुमादेवी भट्टराई
संयोजक

## सामाजिक विकास समितिको प्रतिवेदन

सभाका अध्यक्षज्यू,

अध्यक्षज्यूको अनुमतिले सामाजिक विकास समिति बगनासकाली गाउँपालिकाको कार्यक्षेत्र तथा कार्यप्रगति विवरण प्रस्तुत गर्दछु ।

❖ समितिको कार्य क्षेत्रः

- ➢ आधारभूत तथा माध्यमिक शिक्ष सम्बन्धी,
- ➢ खेलकुद तथा अतिरिक क्रियाकलाप सम्बन्धी,
- ➢ खानेपानी व्यवस्थापन, आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी,
- ➢ लैंगिक समानता तथा समाजिक सुरक्षा सम्बन्धी (लैंगिक समानता, बालबालिका, किशोर किशोरी तथा युवा, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक),
- ➢ गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्बन्धी,

- ➢ सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटनादर्ता सम्बन्धी,
- ➢ भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा सम्बन्धी,

**❖ गत आ.व. २०८०/०८१ मा भए गरेका कार्यहरुको संक्षिप्त विवरण**

➢ शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम अन्तर्गत २ वटा बिज्ञान प्रयोगशाला र १ वटा पुस्तकालय निर्माण कार्य सम्पन्न ।

➢ स्काउट बिटिसि/पिटिसी पुनर ताजगी तालिम सम्पन्न ।

➢ बिद्यालयका आवधिक तथा वार्षिक परीक्षाहरु सौहार्द वातावरणमा सम्पन्न भएका छन् ।

➢ बिद्यालय लेखा परिक्षण, सामाजिक परीक्षणका कार्यहरु भएका छन् । समयमा नगर्ने बिद्यालयहरुलाइ ताकेता गरि कार्यको निरुपण गर्ने गरिएको ।

➢ बिद्यालयहरुसँग नियमित शैक्षिक अन्तरक्रिया छलफल तथा अनुगमन ।

➢दिवा खाजा, छात्रावृती लगायत नियमित रुपमा बिद्यालयका निकासाहरु भएका ।

➢शिक्षक तलवी प्रतिवेदन किताबखानाबाट पारित गराएर मात्र निकासा गर्ने गरिएको ।

➢कोभिड् तथा अन्य विपद्को अवस्थामा द्रुत सिकाइ योजना (ReAL PLAN ) अभिमुखिकरण तालिम तथा वेस लाइन इन्ड लाइन परीक्षा सम्पन्न गरि आवश्यक अन्तरकृया र त्यसको विवरण IEMIS मा इन्ट्री गरिएको ।

➢इमिस तालिम सम्पन्न गरि बिद्यालयहरुलाई अध्यावधिक गराउने कार्य सम्पन्न ।

➢गाउपालिका स्तरीय राष्ट्रपति रनिङ् शिल्डको खेलकुद कार्यक्रम सम्पन्न ।

➢अपाङ्गता पहिचान कार्य सम्पन्न गरिएको छ । शंकास्पद देखिएका बालवालिकालाई हस्पिटल रिफर गर्ने काम भएको छ ।

➢मा.वि./नि.मा.वि./प्रा.वि.हरुमा विद्यार्थीहरुलाई अलग अलग रुपमा अतिरिक्त कृयाकलाप गरिएको

➢सामाजिक सुरक्षा भत्ता वडा तहबाट इफट्टी मार्फत बितरण गरिएको ।

➢ घटना दर्ता सप्ताहा बैशाख १– ५ सबै वडा तहमा पुगी सचेतना कार्य सम्पन्न भएको छ

➢ गुनासो सूचिकृत तथा बैदेशिक कन्सुलर प्रमाणितको अभिलेखिकरण भएको ।

➢ ग र घ वर्गको निर्वाह भत्ता वडाको सिफारिसका आधारमा कार्यविधि अनुसार वितरण ।

➢ कोभिड१९ बिरुद्धको बुस्टरर खोप सञ्चालन गरी १५४१ जनालाइ सेवा दिइएको ।

➢ कोभिड १९ बिरुद्धको खोपको कियू आर कोड प्रमाणित गरी सेवाग्राहीलाइ निःशुल्क रुपमा दिइएको

➢ बगनासकाली गा पा को सवै गर्भवतीहरुलाइ क्याल्सियम निःशुल्क बितरण गरिएको ।

➢ सवै स्वास्थ्य संस्थाहरुबाट सवै सुत्केरीहरुलाई पोषण खर्च तथा यातायात खर्च प्रति सुत्केरी रु १५०० का दरले बितरण गरिएको छ ।

➢ जेष्ठ नागरिकहरु ८० बर्ष माथी ३५२ र अपाङ्ग क र ख बर्गका १०४ गरी जम्मा ४५६ जनालाई घरघरमा स्वास्थ्य सेवा दिईएको ।

➢ बगनासकाली ६ को ठूलापोखरा र वडा नं १का चिर्तुङधारामा सामुदायीक स्वास्थ्य ईकाइ स्थापना गरिएको छ ।

- राष्ट्रिय दादुरा खोप अभियान सञ्चालन गरी ९ महिना देखि ५ बर्ष सम्का १०३७ जनालाई खोप लगाईएको ।
- सवै वडामा आई पि भि खोप अभियान सञ्चालन भएको ५७३ जना खोप दिइएको ।
- बगनासकाली गा पा को सवै वडामा बिशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरी २१३४ जनालाई ७ हजार भन्दा बढी प्रकारका सेवा दिइएको ।
- पूर्णखोप तथा पूर्ण संस्थागत प्रसुतीयुक्त स्थानीय तह सुनिश्चितताको घोषणा गरिएको ।
- सबै बिद्दालय तथा प्रहरी चैकीलाइ प्राथिमक उपचार तालिम तथा समान वितरण ।
- एकल तथा बिपन्न महिलाहरुको लागि मागमा आधारित व्यावसाहिक अनुदान कार्यक्रम ।
- लैंङिगक हिंसा विरुद्धको १६ दिने अभियान सु-सम्पन्न गरिएको ।
- एकल महिलाहरुको लागि धार्मिक स्थल भ्रमण कार्यक्रम सम्पन्न ।
- ज्येष्ठ तथा अपाङ्गता परिचय पत्र वितरण तथा अध्यावधिक कार्य गरिएको ।
- वडा स्तरीय बाल कल्बहरु बाल भेला गरी पुर्नगठन सम्पन्न ।
- पालिका स्तरीय बाल सञ्जालको बाल भेला गरी पुर्नगठन सम्पन्न ।
- वडा स्तरीय बाल कल्बहरु, पालिका स्तरीय बाल सञ्जाल, विद्यालय स्तरीय बाल कल्वलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- विद्यालयका प्रधानाध्यापक तथा बाल मैत्री फोकल पर्सन लाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- स्वास्थ्य चौकीमा किशोर किशोरी मैत्री स्वास्थ्य प्रवाहका लागि अभिमुखीकरण कार्यक्रम वडा नं. ९ चापपानीमा स्वास्थ्य शाखासँग सहकार्य गरी सम्पन्न ।
- पुन श्रम स्वीकृती ५२ जना लाई प्रदान गर्न सहजीकरण गरिएको वडाहरुबाट आएका योजनाहरु संकलन ।
- बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु नौ वटै वडाको जम्मा ३६१ जनाको विवरण बैदेशिक रोजगार बोर्डको सचिवालय काठमाण्डौ पठाईएको
- नौ वटै वडाको १८ वटा योजनाहरु सम्झौता तथा फरफारक गरिएको ।
- **श्रमको सम्मान राष्ट्रको अभियान** बेरोजगार दर्ता सम्बन्धी अभिमुखिकरण कार्यक्रम ९ वटै वडामा सम्पन्न गरिएको ।
- बेरोजगार व्यक्तिको आगामी वर्षको लागि रोजगार ब्यवस्थापन सूचना प्रणालीमा ९ वटै वडाको गरेर ३२४ जना ईन्ट्रि गरिएको ।
- रोजगार संम्वाद मञ्चको समिति गठन तथा बैठक सम्पन्न ।
- जम्मा ७४ जना लाई मर्मत संम्भारका क्षेत्रहरुमा रोजगारी सिर्जना गरिएको ।
- बिभिन्न खानेपानी आयोजना सञ्चालन तथा सम्पन्न भै फरफारक भएका छन् ।
- खानेपानी मुहान दर्ता प्रमाण पत्र लिइ सकेका जम्मा ४१ वटा समिति रहेका छन् ।
- खानेपानी मुहान दर्ता नविकरण गरि प्रमाण पत्र लिइसकेका समिति जम्मा ६ वटा रहेका छन् ।
- ११ वटा खानेपानी सरसफाई समिति जलस्रोत समितिको ३५ दिने सूचना भित्र रहेका छन् ।
- जम्मा १४३३० मिटर पोलिथिन पाइप उपभोक्तालाई बाडिएको छ ।

- गाउपालिकामा खानेपानी शुद्धता परिक्षण ल्याव उद्‌घाटन गरिएको छ ।
- सामाजिक समिति अन्तर्गतका सबै विषयगत शाखाहरुले आ.व. २०८०/०८१ मा तोकिएका कार्यहरु लगभग समयमै सम्पन्न भएका छन् ।

❖ **आगामी कार्य दिशा**

- सामाजिक समिति अन्तर्गतका सबै विषयगत शाखाहरुले आ.व. २०८१/०८२ मा तोकिएका कार्यहरु समयमै सम्पन्न गर्न प्रतिवद्ध रहेको ।
- बगनासकाली गाउँपालिकाको शिक्षा योजना निर्माण गर्ने कार्यको लागि आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- बगनासकाली गाउँपालिका कार्यक्षेत्र भित्रका शैक्षिक संस्थाहरुलाई रेखाकंन गरी केही कक्षाहरु समायोजन गर्दै शिक्षण सिकाई प्रभावकारी बनाउनु पर्ने भएकोले आवश्यक बजेट व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।
- शिक्षा ऐन राजपत्रमा प्रकाशित गरी नियमावली र आवश्यक निर्देशिका बनाई शैक्षिक गतिविधिका कार्यकमहरु अगाडी बढाउनु पर्ने देखिन्छ ।
- विद्यालय शैक्षिक सुधारका लागि अनुदानका कार्यकम संचालन गरी अभिभावक शिक्षालाई आवश्यक बजेट व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।
- स्वास्थ्य तथा सरसफाइ ऐन अनुसार नियमावली तथा निर्देशिका बनाई अगाडी बढ्नु पर्ने देखिन्छ ।
- वालवालिकाहरुको माग बमोजिम बाल रेडियो कार्यकम सञ्चालन गर्ने सम्बन्धमा विद्यालय र वालवालिकाहरु बिच अतिरिक्त कृयाकलापको लागि बजेट तथा कार्यकमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- गाउँपालिका क्षेत्र भित्र सबैको पहुँच पुग्ने स्थान पहिचान गरि विभिन्न ठाउँमा एकिकृत स्वास्थ्य शिविर/आँखा शिविर सञ्चालन गर्न बजेट लगायत कार्यकमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- गाउँपालिका अन्तर्गतका प्रधानाध्यापकहरुबाट अनुरोध भै आएको कार्यकम, बिद्यालय पठनपाठनमा असर नपर्ने गरि उत्कृष्ट स्थान/बिद्यालयको शैक्षिक भ्रमणको व्यवस्था गर्नुपर्ने र महिला स्वयंसेविकाहरुको लागि पनि अध्ययन अवकोलन गर्नको लागि बजेट व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।
- राष्ट्रपती रनिङ् शिल्ड कप सञ्चालनको लागि संघिय शशर्त बजेट अत्यन्तै कमि भएकोले थप बजेटको व्यवस्थापनको साथै कार्यकम सञ्चालनको लागि प्र.अ, शिक्षक सहितको खेलकुद बिज्ञ समुह गठन गरि कार्यकम सञ्चालन गर्नुपर्ने ।
- सामाजिक सुरक्षा भत्ता बैङ्कसँगको समन्वयमा EFT मार्फत गर्न बायोमेट्रिक मेसिनको व्यवस्था तथा सञ्चालनको लागी तालिम गर्नुपर्ने ।
- व्यक्तिगत घटना दर्ता सप्ताहा सञ्चालन, शिविर सञ्चालनको लागि बजेट व्यवस्था गर्नुपर्ने ।
- समाजिक सुरक्षा र घटना दर्ता प्रणाली व्यवस्थापन क्षमता बिकासको लागि बजेट व्यवस्था गर्नुपर्ने
- नसर्ने रोग नियन्त्रण तथा एकिकृत बिशेषज्ञ स्वास्थ्य शिविर सवै वडामा सञ्चालन गर्नुपर्ने देखिन्छ

- क्षयरोग, दादुरा रोग लगायतका सरुवा रोगीहरुको खोज पडताल गर्ने तथा नियन्त्रणका अभियानहरु सञ्चालन गर्नुपर्ने ।
- महिला तथा बालवालिका कार्यक्रम अन्तर्गत सिप किास तथा क्षमता बिकास तालिमको व्यवस्था हुनु पर्ने साथै पालिकाभित्रका अति विपन्न श्रमिक महिलाहरुलाई आय-आर्जन हुने खालका कार्यक्रमहरु संचालन गरी अनुदानका लागी बजेटको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।
- बालमैत्री स्थानीय शासन सुनिश्चीततका लागि थप भएका सूचकलाई स्थानीयकरण गर्ने।
- बालमैत्री रणनैतिक योजना निर्माण गरी कार्यक्रम अगाडी बढाउने ।
- बगनासकाली गाउँपालिकालाई बाल मैत्री स्थानीय शासनको सुनिश्चीत गर्नुपर्ने देखिन्छ ।
- भाषा कला साहित्य धर्मसंस्कृतिलाई जोगाउर्दै पालिकास्तरीय बगनासकाली महोत्वस मनाउन बजेटको व्यवस्था गर्नुपर्ने ।
- बगनासकाली गाउँपालिकाको गौरवको योजना कालीगण्डकी बृह्त पम्पिङ्ग खानेपानी योजनालाई समन्वय, सहकार्य गरी सम्पन्नताका लागी सम्बन्धित निकायहरुमा बजेटको लागि पहल गर्नुपर्ने ।

श्री गीता रेग्मी
संयोजक

## पूर्वाधार विकास समतिको प्रतिवेदन

**गाउँसभाका अध्यक्ष महोदय तथा सम्पूर्ण सभा सदस्यज्यूहरु,**

यस बगनासकाली गाउँसभाको गरिमामय अधिबेशनमा पूर्वाधार विकास समिति संयोजकको तर्फबाट चालु आ.व.२०८०।८१ को यस सोह्रौं सभाको मिति २०८१/०३/०९ गतेको बैठकमा अध्यक्षज्यूको अनुमतिले हाल सम्मको बार्षीक कार्यप्रगति विवरण प्रस्तुत गर्दछु ।

**❖समितिको कार्य क्षेत्रः**

- सडक तथा यातायात पूर्वाधार सम्बन्धी,
- जलविद्युत, उर्जा, सडकबत्ती सम्बन्धी,
- सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार सम्बन्धी,
- एफ.एम. सञ्चालन सम्बन्धी,
- भवन तथा भवन संहिता एवम् निर्माण ईजाजत सम्बन्धी,
- जग्गा नापनक्सा, घर-नक्सा, जग्गाधनिपूर्जा सम्बन्धी,
- भू-उपयोग तथा वस्ती विकास सम्बन्धी,
- सार्वजनिक निजी साझेदारी सम्बन्धी ।

**❖सभा अध्यक्ष एवं सदस्यज्यूहरु अब म चालु बर्षका प्रगति विवरण पेश गर्दछु ।**

- चालु आ.व.को पन्ध्रौं गाउँसभापछि २ वटा बैठकहरु सम्पन्न भई बिभिन्न निणर्य भएको छ ।
- यस आ.व. मा ६७ प्रतिशत भौतिक प्रगति भएको छ । (कार्य सम्पन्न भईभुक्तानी हुन बाकी रकम करिब ४३ प्रतिशत)
- सिभिल प्रयोगशाला सञ्चालन भै गुणस्तर कायम तथा अन्तरिक आम्दानी समेत बृद्धि ।

- सम्झौता भएका कुल योजना  संख्या - २८२
- योजना सम्पन्न कुल संख्या - २८०
- भुक्तानी लिन बाकी योजना संख्या - १५
- core- cutter संचालमा ल्याई गुणस्तरको सुनिश्चित्ताको कायम गर्नुका साथै अन्तरिक आम्दानीमा बृद्धि भएको छ ।
- खानेपानी प्रयोगशाला संचालन ल्याई खानेपानी गुणस्तर पारिक्षण गरी नागरिकलाई शुद्ध खानेपानीको उपलब्धताको लागी कार्य थालनी भएको छ ।

❖ **सभा अध्यक्ष एवं सदस्यज्यूहरु अब म चालु आ.ब. २०८०।८१ मा गरिएका पूर्वाधार तर्फका मुख्य- मुख्य कार्यहरुको विवरण निम्नअनुसार पेश गर्दछु ।**

| क | सड्क | जम्मा |
|---|---|---|
| १ | पक्की सड्क कालो पत्रे | २८९७ मिटर |
| २ | कच्ची सड्क | ४०७१ मिटर |
| ३ | ग्राभेल सड्क | ५५८१ मिटर |
| ४ | ढलान सड्क | ३६९० मिटर |
| ख | नाली | |
| १ | कच्ची नाली | ७१५३ मिटर |
| २ | पक्की नाली | ७११७ मिटर |
| ग | सामुदायिक भवन / भवन निर्माण | २२ वटा |

❖ **सभा अध्यक्ष  एवं सदस्यज्यूहरु अब म ठेक्का तर्फ सम्झौता भई निर्माण कार्य सम्पन्न भएका योजनाहरु विवरण पेश गर्दछु ।**

- पोखराथोक स्वास्थ्यचौकी निर्माण योजना
- सिद्धार्थ - राजमार्ग ३ नं वडा कार्यालय हुँदै मोटरबाटो स्तरोन्नती तथा पिच
- सिद्धार्थ - राजमार्ग - खोरबारी - शिखर - भलुवाचौर हुँदै माडीचक्रपथ कृषि सडक
- चिलाङ्गदी - मालारानी खण्ड मोटरबाटो पिच
- चिलाङ्गदी - नायर - खानीछाप सडक पिच
- दरुङ्गा - मिलचोक - दर्लममहाकाली - सुपारे ढाब मोटरबाटो स्तरोन्नती तथा पिच
- झिरभञ्ज्याङ्ग - देउराली - खानीगाउँ वडा कार्यालय मिलनचोक मोटरबाटो पिच
- चिलाङ्गदी - जर्बदी सडक मर्मत

❖ **सभा अध्यक्ष  एवं सदस्यज्यूहरु अब म बहुबर्षे ठेक्का तर्फको निर्माण कार्य सञ्चालमा रहेका योजनाहरु विवरण पेश गर्दछु ।**

- बगनासकाली गाँउपालिकाको प्रशासकीय भवनको १०० प्रतिशत कार्य सम्पन्न भएको ।

- १५ शैया आधारभूत अस्पतालको ४५ प्रतिशत कार्य सम्पन्न भई निर्माणाधिन अवस्थामा रहेको

❖ **सभा अध्यक्ष एवं सदस्यज्यूहरु अब म घरनक्सा पास तर्फको विवरण पेश गर्दछु**

- नियमित नक्सा पास दर्ता- ४
- घर अभिलेखिकरण दर्ता- ९५
- घरनक्सा/अभिलेख प्रमाणपत्र वितरण- ९१
- अन्य क्षेत्रका विविध कार्य कार्यन्वयको चरण रहेको ।

❖ **सभा अध्यक्ष एवं सदस्यज्यूहरु अब म यस अवधिमा पूर्वाधार विकास समितिको निणर्यहरु पेश गर्दछु**

- पाँचलाख रुपयाँ भन्दा कम वजेटका योजनाहरु ठेक्का पट्टा तथा दरभाउपत्र द्धारा नगर्ने गरि योजना संचालन गर्न ।
- एक आर्थिक वर्षमा एक फर्म वाट एकवटा मात्र निर्माणकार्य तथा सामाग्री आपूर्ती गर्ने व्यवस्था गर्ने ।
- प्रत्येक आर्थिक वर्षका योजना तथा कार्यक्रमको सम्झौता कार्तिक मसान्तसम्म सम्पन्न गरि प्रत्येक आ.व.को चैत्र १५ गते भित्र निर्माण कार्य सम्पन्न गरि सक्ने गरि सम्झौता गर्ने । साथै ठेक्का पट्टा तथा दरभाउ पत्रद्धारा गरिने कार्यको कार्य सम्पन्न मिति प्रत्येकआर्थिक वर्षको वैशाख मसान्तम्म तोक्ने र सबै योजना तथा मुल्यांकनको आन्तिम भुक्तानी असर १० गते सम्म गर्ने व्यबस्थालाई कडाईका साथ लागू गर्ने ।
- पूर्वाधार तर्फका योजना पूर्वाधार विकास समितिमा समेत छलफल गर्दा गराउदा उपयुक्त हुने ।
- सिफारिस भएका निर्णय कार्यन्वयन गर्न वजेट तथा कार्यक्रम तर्जुमा समितिमा समेत वृहत छलफलको परिपाटी वसालियोस।

❖ **सभा अध्यक्ष एवं सदस्यज्यूहरु अब म आगामी कार्ययोजना पेश गर्दछु ।**

➢ भवन तथा भवन संहिता बमोजिम सम्पूर्ण पूराना घरहरुलाई अभिलेखिकरण तथा नयाँ घरहरुलाई नियमित नक्सा पासमा समावेश गर्ने कार्य समयवधि तोकेर सम्पादन गर्ने ।

➢ बगनासकाली गा.पा. भित्रका सम्पूर्ण सडकको मापदण्ड तयार गरी मापदण्ड कार्यन्वयन तथा मापदण्ड अनुसार भवन निर्माण गर्न ।

➢ पूर्वाधार निर्माणमा थप नीतिनियम निर्माण र निरिक्षण/अनुगमनलाई तिव्रता दिने ।

➢ उपभोक्ता समितिबाट श्रमदान अनिवार्य रुपमा कडाईका साथ सहभागिता हुनु पर्ने ।

➢ योजना अनुगमन तथा मुल्यांकन कार्यलाई ध्यानमा राखि समयेमै अनुगमन गर्ने ।

➢ तोकिएको म्याद भित्रै योजना सम्पन्न गर्न गराउन आ-आफ्नो क्षेत्रबाट कार्य सम्पादन गर्ने ।

➢ वडास्तरमा सञ्चालन भएका योजनाहरुको समय समयामा प्राविधिक निरिक्षण गर्ने निर्देशन गर्ने

➢ टुक्रे योजना भन्दा ठुला दीर्घकालीन योजन तथा कार्यक्रमलाई जोड दिने।

श्री तेज प्रसाद रसाली
संयोजक

## वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन

गाउँसभाका अध्यक्ष महोदय तथा सभा सदस्य ज्यूहरु,
अध्यक्षज्यूको अनुमतिमा यस बगनासकाली गाउँसभाको गरिमामय बैठकमा वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको तर्फबाट संयोजकको हैसियतले चा.लु. आ.व.०८०/०८१ को यस सोह्रौं सभाको मिति २०८१।०३।०९ गतेको बैठकमा वार्षिक कार्य प्रगति यस सम्मानित सभा समक्ष पेश गर्न चाहन्छु ।

**समिक्षा**

चालु आ.व.को चौधौँ/पध्रौं गाउँसभा पछि समितिको नियमित ५ वटा बैठकहरु सम्पन्न भएको छ ।

**चालु आ.व.मा गरिएका गतिविधिहरु**

चौधौँ/पध्रौं गाउँसभा पछि देहाय अनुसारका कार्यहरु गरिएको व्यहोरा सभाको यस बैठकमा जानकारी गराउन चाहन्छु ।

<u>विपद व्यवस्थापन तर्फ</u>

- ❖ विविध किसिमको विपदबाट क्षति पुगेको २५ जना व्यक्तिहरु र ३ वटा विद्यालयको निवेदन संकलन गरिएको ।
- ❖ राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण काठमाण्डौलाई सम्भावित विपद जोखिमका स्थानहरुको विवरण पठाइएको ।
- ❖ राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण काठमाण्डौको २०८०।०५।१७ को पत्रानुसार विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाको प्रगति विवरण पठाइएको ।
- ❖ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार प्लाष्टिकजन्य सामाग्रीको प्रयोगमा प्रतिबन्ध सम्बन्धि सूचना प्रकाशन गरिएको ।
- ❖ संघीय आयोजना कार्यान्वयन इकाई रुपन्देहीको पत्रानुसार सुरक्षित नागरिक आवास कार्यक्रमबाट लाभान्वित लाभग्राहीहरुको विवरण पठाइएको ।
- ❖ समितिको नियमित बैठक गा.पा. अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु र सामाजिक स्रोत विकास केन्द्रका पदाधिकारीहरुको उपस्थितिमा सञ्चालन गरिएको ।
- ❖ विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको लागि कार्य अगाडि बढाइएको ।
- ❖ जिल्ला प्रशासन कार्यालय, तानसेन, पाल्पालाई सशस्त्र द्वन्द्वको क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुको विवरण उपलब्ध गराइएको ।
- ❖ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौलाई गाउँपालिकामा रहेका दमकलको विवरण उपलब्ध गराइएको ।
- ❖ जिल्ला प्रशासन कार्यालय, तानसेन, पाल्पालाई २०७२।०१।१२ को महाभूकम्पमा परी दिवंगत भएका व्यक्तिहरुको विवरण उपलब्ध गराइएको ।
- ❖ जिल्ला प्रशासन कार्यालय, तानसेन, पाल्पालाई बगनासकाली गाउँपालिकामा रहेका विपद सामाग्रीहरुको विवरण उपलब्ध गराइएको ।
- ❖ जिल्ला प्रशासन कार्यालय, तानसेन, पाल्पालाई मनसुनजन्य विपद्बाट जोखिममा रहेका स्थानहरु र प्रभावित हुनसक्ने जनसंख्याको विवरण उपलब्ध गराइएको ।
- ❖ गाउँपालिकामा अत्यावश्यक विपद सामाग्री खरिद गरिएको ।
- ❖ विविध मितिमा बसेको कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम २४ जना व्यक्ति र ३ वटा विद्यालयलाई राहत वितरण गरिएको ।
- ❖ यस आ. व. मा हालसम्म विपद व्यवस्थापन कोषबाट रु. २,७९,०००।- बराबरको राहत रकम वितरण गरिएको ।

- ❖ यस आ.व. मा हालसम्म विभिन्न किसिमका विपदमा परेकालाई ५० थान त्रिपाल वितरण गरिएको ।
- ❖ यस आ.व. मा हालसम्म समितिको नियमित बैठक पाच वटा सम्पन्न गरिएको ।
- ❖ वातावरण तथा विपद व्यवस्थापन इकाईबाट सञ्चालन गरिने नियमित कार्यहरु सम्पादन गरिएको ।

समृद्धिका लागि वन परियोजना तर्फ

- ❖ निजि जग्गामा अनुदान सहितको वृक्षारोपण कार्यका लागि ६० घरपरिवार संग अभिमुखिकरण गरी सम्झौता सम्पन्न भएको ।
- ❖ सार्वजनिक जग्गामा वृक्षारोपणका लागि १ वटा विद्यालयसँग सम्झौता भएको ।

**आगामी कार्यदिशा**

सभाध्यक्ष महोदय, यस बगनासकाली गाउँपालिकाको समृद्दिका लागि विपद व्यवस्थापन तथा राहत प्रदान गर्नका लागि यस समितिले कार्य गरेका छौं । गत आ.व मा पुरा गर्न नसकेका कार्यहरु आगामी आ.व. मा पुरा गर्न पहल गर्ने व्यहोरा अनुरोध गर्दछु । गाउँपालिकाबाट हुने कार्यहरुलाई प्रभावकारी तथा जनमैत्री बनाउन समितिले गाउँपालिकालाई आवश्यक सहयोग गर्ने व्यहोरा अनुरोध गर्दछु ।

अन्तमा, यस गरिमामय सभाले वन, वातावरण तथा विपद व्यवस्थापन समितिका लागि थप मार्गदर्शन गर्नेछ । धन्यवाद !

बोमलाल सुनार

संयोजक

वन, वातावरण तथा विपद व्यवस्थापन समिति

## सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको प्रतिवेदन

सभा अध्यक्ष ज्यू,

अध्यक्षज्यूको अनुमतिले बगनासकाली गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको प्रतिवेदन पस्तुत गर्दछु ।

❖समितिको कार्य क्षेत्र:

(क) सेवाप्रवाहको मापदण्ड, स्थानीय सेवा तथा जनशक्ति विकास सम्बन्धी,

(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी,

(ग) सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय सम्बन्धी,

(घ) बैठक व्यवस्थापन सम्बन्धी,,

(ङ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्यसुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी,

(च) आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धी,

(छ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण सम्बन्धी,

(ज) राजश्व नीति तथा प्रशासन सम्बन्धी,

(झ) वित्तीय जोखिम न्युनिकरण, आर्थिक प्रशासन तथा बेरुजू फछ्र्यौट सम्बन्धी,

(ञ) न्याय, कानून तथा मानवअधिकार प्रवर्द्धन सम्बन्धी,

(ट) योजना, अनुगमन तथा मूल्यांकन र तथ्यांक व्यवस्थापन सम्बन्धी,

(ड) सुशासन प्रवर्द्धन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण सम्बन्धी,

(ढ)नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तर निकाय समन्वय सम्बन्धी ।

सभा अध्यक्ष तथा सभाका सदस्यहरु,

## आ.व. २०७९/०८० को कार्य प्रगति :

- ❖ बगनासकाली गाउँपालिका अर्न्तगत रहेका वजारहरुको अनुगमन गरिएको ।
- ❖ सबै पर्वहरु सफलता पूर्वक सम्पन्न गरिएको ।
- ❖ गाउँपालिकाले अङ्गिकार गरेको राजस्व नीतिलाई पूर्णरुपमा कार्यान्वयन गरी रहेको तथा प्रशासन सम्बन्धि कामकाज नियमित रुपमा सरल, सहज, छिटो र छरितो रुपमा बडापत्र अनुसार उपलब्ध गराईएको ।
- ❖ आर्थिक वर्ष २०७९/०८० मा गरिएको सम्पूर्ण आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण सम्पन्न गराइएको ।
- ❖ महालेखा परिक्षकको कार्यालयबाट भएको आ.व. २०७८/०७९ को अन्तिम लेखापरिक्षणबाट औल्याइएको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको प्रतिक्रिया पेश गरिएको ।
- ❖ गाउँपालिका कार्यालय तथा मातहतका सबै निकायको जिन्सी निरीक्षण गरिएको
  - ❖ बार्षिक खरिद योजना निर्माण गरिएको तथा खरिद इकाई समितिको बैठक - ९ पटक बसेको
  - ❖ खप्ने जिन्सी सामान - ३९ प्रकारका खरिद गरिएको खर्च रकम १३ लाख ३२ हजार ९ सय ६४ (खर्च रकम रु. १३३२९६४)
  - ❖ कर्मचारीहरूको लागि कार्यसम्पादन करार संझौता, इ-हाजिरी सञ्चालन, स्वमूल्याङ्कन गर्ने व्यवस्था तथा कर्मचारी आचरण, शिष्टाचार तथा आचार संहिता सार्वजनिक ।
  - ❖ चालू आ. व. २०७९/०८० को वार्षिक कार्ययोजना (कार्यतालिका) सहित वार्षिक विकास योजना (बजेट पुस्तिका) सार्वजनिकीकरण तथा वितरण ।
  - ❖ प्राविधिक ६ जना र का.स. दुई जना करारसेवा मार्फत पदपूर्ति ।
  - ❖ गा पा सरकारका एक सय दिनका तथा एक वर्षे कार्यकालका मूख्य मूख्य कार्यसम्पादन विवरण पत्रकार र कार्यपालिकाको उपस्थितिमा प्रस्तुत तथा प्रथम त्रैमासिक स्वतः प्रकाशन सार्वजनिक ।
  - ❖ साहित्यमा बगनासकाली नामक पुस्तक लोकार्पण र वितरण तथा गाउँपालिकाको मुखपत्रको रूपमा रहेको बगनासकाली आवाजको पन्ध्रौ अङ्क तयार र सार्वजनिक ।
  - ❖ गाउपालिकास्तरीय स्थानीय दररेट र वार्षिक खरिद योजना निर्माण तथा सार्वजनिक ।
  - ❖ यस अवधिमा बढी राजस्व रकम संकलन गर्ने १ नं. वडालाई प्रेरणात्मक सम्मान गरियो।
  - ❖ स्वाथ्यकर्मीहरूका लागि सात दिने आधारभूत कम्प्यूटर तालिम सम्पन्न ।

- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई १ दिने अभिमुखीकरण तालिम सम्पन्न ।
- आ.व. ०७९/८० मा २ पटक यस समितिको बैठक सम्पन्न ।
- विद्यार्थी, खेलाडी, पत्रकार, शिक्षक, स्वास्थ्यकर्मी, वडा कर्मचारी, कृषि कर्मचारी र गाउँपालिकाका कर्मचारी गरि प्रथम पटक १६ र दोश्रो पटक ७ जना गरी २३ जना लाई सम्मान गरियो ।
- वित्तीय जोखिम न्यूनीकरण तथा लिजमा ५४ प्रतिशत र ७४.७५ प्रतिशत क्रमश प्राप्त गरियो ।

सभा अध्यक्ष तथा सभाका सदस्यहरु,

## ❖ चालू आ.व. २०८०/०८१ को कार्य विवरण/मुख्य प्रगति

- आ.व. २०७९/०८० को वार्षिक प्रगति समिक्षा सम्पन्न । साथै सार्वजनिक सुनुवाई १ पटक सम्पन्न ।
- बगनासकाली गाउँपालिका अर्न्तगत रहेका वजारहरुको पहिलो चरणको वजार अनुगमन कार्य सम्पन्न गरिएको ।
- गाईजात्रा, रोपाईजात्रा तथा विविन्न पर्वहरु सफलता पुर्वक सम्पन्न गरियो ।
- गाउँपालिकाले अङ्गिकार गरेको राजस्व नीतिलाई पूर्णरुपमा कार्यान्वयन गरी रहेको तथा प्रशासन सम्बन्धि कामकाज नियमित रुपमा सरल, सहज, छिटो र छरितो रुपमा बडापत्र अनुसार उपलब्ध गराईएको ।
- चालू आ.व. मा ५ वटा ऐन, ९ वटा कार्यविधि पारित गरी कार्यान्वयनमा लागिएको छ ।
- आ.व. शुरुवातको ६० दिन भित्र पेश भएका पदाधिकारी तथा कर्मचारीहरुको सम्पति विवरण सम्बन्धित् निकायमा पेश गरीएको ।
- आ.व. शुरु भएको ७ दिन भित्र पेश हुन आएका स्थायी कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन फारम दर्ता गरि सम्बन्धित् समिति तथा कार्यालयबाट सम्पन्न गरिएको ।
- आ.व. शुरु भए पश्चात प्रमुख प्रशासकीय अधिकृतले पालिका अध्यक्षसँग, शाखा प्रमुख कर्मचारीहरुले प्रमुख प्रशासकीय अधिकृतसँग र शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरुले शाखा प्रमुखसँग कार्यसम्पादन करार सम्झौता गरि कामकाज गरिएको ।
- विभिन्न सेवाका करार सेवाका कर्मचारीहरुको करार सम्झौता गरिएको ।
- आ.व. ०८०/८१ को गाउँकार्यपालिकाको २३ वटा बैठक, मासिक कर्मचारी बैठक, र आ.व. ०८०/८१ को तेस्रो त्रैमासिक स्वत प्रकाशन प्रकाशित गरिएको ।
- आर्थिक वर्ष २०७९/०८० मा गरिएको सम्पूर्ण आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण गराइएको ।

- आ.व. २०८०/०८१ का लागि तेस्रो सामाजिक सुरक्षा रकम निकासा गरिएको ।
- आ.व. २०८०/०८१ का लागि चौधौ तथा पन्धौ गाउँसभाबाट स्वीकृत बार्षिक कार्यक्रम तथा बजेटलाई स्थानीय संचित कोष ब्यवस्थापन प्रणालीमा प्रविष्टि गरी अन्तिम रुप दिई प्रणालीबाट स्वीकृत गरिएको ।
- महालेखा परिक्षकको कार्यालयबाट भएको आ.व. २०७९/०८० को अन्तिम लेखापरिक्षणबाट औल्याइएको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको प्रतिक्रिया पेश गरिएको ।
- गाउँपालिका कार्यालय तथा मातहतका सबै निकायको जिन्सी निरीक्षण गरिएको ।
- बार्षिक खरिद योजना निर्माण गरिएको तथा खरिद इकाई समितिको नियमित बैठक बसेको
- खप्ने जिन्सी सामान -१८ प्रकारका रहेका, नखप्ने जिन्सी सामान - ४७५ प्रकारका रहेका
- दाखिला गरिएका सामान - ४९३ प्रकारका रहेका
- खर्च भएर जाने सामानको खरिद मूल्य ६६ लाख ८ हजार १ सय १६ र खर्च भएर नजाने सामानको मूल्य ३१ लाख ७ सय ५८
- चालू आ. व. २०८०/०८१ को वार्षिक कार्ययोजना (कार्यतालिका) सहित वार्षिक विकास योजना (बजेट पुस्तिका) सार्वजनिकीकरण तथा वितरण ।
- कृषि स्नातक (प्राविधिक) एक जना करार सेवा मार्फत पदपूर्ति ।
- साहित्यमा बगनासकाली नामक पुस्तक लोकार्पण र वितरण ।
- वित्तीय जोखिम न्यूनीकरण ७३ तथा लिजामा ८५.५ प्रतिशत र स्थानीय आर्थिक विकास मूल्याङ्कनमा ४४ प्रतिशत प्राप्त गरियो ।
- प्रदेश लोक सेवा आयोगबाट सिफारिस भै आएका विभिन्न सेवाका ८ जना स्थायी कर्मचारीहरुलाई नियुक्ति प्रदान तथा पदस्थापना
- कर्मचारी तथा जनप्रतिनिधिहरुको दुई दिने क्षमता विकास कार्यक्रम सम्पन्न
- साइबर क्राइम तथा लागूऔषध दुर्व्यसनी सम्बन्धि कार्यक्रम सम्पन

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग

  १. जर्वादीमा ढुंगा माटो निकासी सम्बन्धी,
  २. यम्घाको दर्पुकमा प्राकृतिक श्रोत साधन ठेक्कापट्टा सम्बन्धी
  ३. ग्राम्य मा.वि.को विज्ञापन सम्बन्धी,
  ४. बिष्णु मा.वि. को खर्च छानबिन सम्बन्धी
  ५. कार्यालयको कामकाज तथा साधनमा अनियमितता भएको सम्बन्धी
  ६. पौवा भन्ज्याङदेखि मलेभन्ज्याङ सम्मको २ कि.मि. सडक सम्बन्धी
  ७. निर्णय कार्यान्वयन सम्बन्धमा (बागेश्वर सप्लायर्स)

८. स्वास्थ्यतर्फ खरिद सामग्रीको सम्बन्धमा

गरि जम्मा ८ वटा उजुरी परि कामजात माग गरेकोमा कागजात पठाइएको छ ।

- राष्ट्रिय सतर्कता केन्द्रमा - उजुरी नरहेको
- हेलो सरकारमा - उजुरी नरहेको
- उच्च अदालत तुलसीपुर मुकाम बुटवल- गाउँपालिकाको कार्यालय तथा राजस्व परामर्श समिति विरुद्ध एउटा मुद्दा
- आ.व. ०८०/८१ मा ३ पटक यस समितिको बैठक सम्पन्न ।

## कार्ययोजना बमोजिम सम्पन्नको क्रममा रहेका कार्यक्रम :

- अन्तर निकाय समन्वय तथा जनशक्ति विकासको कार्य
- प्रभावकारी रुपमा अन्तर तह समन्वय गरी समस्या समाधान गर्ने र पालिकाको विकासमा लगानी भित्राउने।
- बगनासकाली गा.पा.ले अबलम्बन गरेको शून्य बेरुजुको नीतिलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।
- स्थानिय तहको खाद्य सुरक्षा तथा उपभोक्ता हक हितको क्षेत्रमा सचेतनामूलक कार्य ।
- सार्वजनिक सम्पतिको संरक्षण र राजस्व वृद्धिका लागि अनुगमनलाई तिब्रता प्रदान गर्ने ।

**समितिको संयोजक**

श्री बसन्ती थापा

## विधेयक समितिको प्रतिवेदन

गाउँसभाका अध्यक्ष महोदय तथा सभासदस्य ज्यूहरु,

यस बगनासकाली गाउँसभाको गरिमामय सोह्रौं अधिवेशनमा विधयेक समितिको तर्फबाट संयोजकको हैसियतले चालु आ.व. २०८०/८१ को यस सोह्रौं सभाको मिति २०८१/०३/०९ गतेको बैठकमा वार्षिक कार्य प्रगति पेश गर्न चाहन्छु ।

**समिक्षा**

चालु आ.व.को चौधौं गाउँसभा पछि १६ वटा बैठकहरु भएको छ। समितिको बैठकमा छलफल गरि सोह्रौं गाउँसभाको दोश्रो बैठक सम्म ७ वटा कार्यविधिहरु तथा ३ वटा ऐनहरु स्विकृत भइसकेका छन्।

**चालु आ.व मा गरिएका गतिविधिहरु**

चौधौं गाउँसभा पछि देहाय अनुसार कार्यविधिहरु स्विकृत भएको व्यवहोरा सभाको यस बैठकमा जानकारी गराउन चाहन्छु।

१. बगनासकाली गाउँपालिकाको कृषि विकास कार्यक्रम सन्चालन कार्यविधि, २०८०
२. बगनासकाली गाउँपालिकाको साना व्यवसायिक पशुपंक्षी फार्म प्रवर्द्धन कार्यक्रम संचालन, २०८०
३. बगनासकाली गाउँपालिकाको सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०
४. बगनासकाली गाउँपालिकाको निजी जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०
५. बगनासकाली गाउँपालिकाको बाख्रा पैंचो कार्यक्रम सन्चालन कार्यविधि, २०८०

६. बगनासकाली गाउँपालिकाको उपभोक्ता समिति गठन, दर्ता परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८०

७. बगनासकाली गाउँपालिकाको दुग्ध ढुवानी अनुदान कार्यविधि संसोधन, २०८०

८. बगनासकाली गाउँपालिकाको लिलाम बिक्रि कार्यविधि, २०८०

**सभाका अध्यक्ष ज्यू, यसै गरि देहाय अनुसारका विधयेकहरु यस समितिमा छलफल भई कार्यपालिकामा पेश भएको जानकारी गराउन चाहन्छु।**

१. बगनासकाली गाउँपालिकाको वन विधयेक, २०८०

२. बगनासकाली गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक, २०८०

३. बगनासकाली गाउँपालिकाको स्थानीय मदिरा व्यवस्थापन विधेयक, २०८०

**आगामी कार्यदिशा**

सभाध्यक्ष महोदय, यस बगनासकाली गाउँपालिकाको समृद्धि र विकासका लागि आवश्यक पर्ने ऐन, नियमावली तथा कार्यविधिहरु बनाउँदा सरोकारवालासँग पर्याप्त छलफल गरी आवश्यक कानून बनाउने छौं।बगनासकाली गाउँपालिकाको कानून निर्माण तथा परिमार्जनमा समिति सदैव सक्रिय रहने छ। गाउँपालिकाबाट हुने कार्यहरुलाई प्रभावकारी तथा जनमैत्री बनाउन समितिले गाउँपालिकालाई आवश्यक सहयोग गर्ने व्यवहोरा अनुरोध गर्दछु।

अन्तमा, यस गरिमामय सभाले विधयेक समितिका लागि थप मार्गदर्शन गर्नेछ । धन्यवाद।।

उमकला अर्याल
संयोजक